**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख २ गते**

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको रोकथाम गर्नका लागि गण्डकी प्रदेशमा बैदेशिक रोजगारबाट आएका मानिसहरूको धमाधम र्‍यापीड डाइगनोष्टिक टेष्ट (आरडीटी) बाट कोरोना परीक्षण भइरहेको छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार चैत महिनामा बागलुङ भित्रिएका ९ सय ३४ जनाको र्‍यापीड टेष्ट गरिएको छ ।

ढोरपाटन नगरपालिकामा १ सय २७, जैमिनी नगरपालिकामा ९६, गल्कोट नगरपालिकामा १ सय २८, बडिगाढ गाउँपालिकामा १ सय ७०, निसीखोला गाउँपालिकामा १ सय १५, तमानखोला गाउँपालिकामा ७, बरेङ गाउँपालिकामा ५७, ताराखोला गाउँपालिकामा ३८ जनाको र्‍यापीड टेष्ट गरेको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख सुरज गुरौले बताउनुभयो । परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

जिल्लाका ८ सय ८३ जनाको र्‍यापीड टेष्ट गर्ने लक्ष्य लिएको स्वास्थ्य कार्यालय बागलुङले लक्ष्य भन्दा ५१ जना बढिको परीक्षण गरिसकेको छ । बागलुङ नगरपालिकामा १ सय ३९ जनाको परीक्षण भइसकेको छ भने ५० जनाको बाँकी छ । वैशाख १ गतेभित्र जिल्लाका सबै स्थानीयतहमा र्‍यापीड टेष्ट गरिसक्ने तयारी गरेको भएपनि नयाँ वर्षको दिन काम नगरिएको र २ गते गर्ने भनेको परीक्षण पनि खराब मौसमको कारण सम्भव नभएपछि वैशाख ३ गते बागलुङ नगरपालिकामा बाँकी रहेकाको परीक्षण गरिने गुरौले बताउनुभयो ।

बागलुङ नगरपालिका र ढोरपाटन नगरपालिकाले स्वास्थ्य कार्यालय बागलुङलाई पठाएको र्‍यापीड परीक्षण गर्नुपर्ने व्यक्तिको तथ्याङ्क र फिल्डमा परीक्षणको लागि आएका व्यक्तिको सङ्ख्यामा फरक पर्दा बढी व्यक्तिको परीक्षण गरिएको गुरौले बताउनुभयो ।

जिल्लाका १० ओटै स्थानीयतहले राहत वितरण गरिहेका छन् । जिल्लाका प्रवेशद्वारमा चेकजाँच कडा पार्दै आवतजावतमा रोक लगाइएको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार वैशाख २ गते १२ जनाको र्‍यापीड टेष्ट गरिएको छ र सबैको रिपोर्ट आउन बाँकी रहेको छ । पोखरा महानगरपालिकाले कास्कीका चार ओटै गाउँपालिकालाई स्वास्थ्यकर्मीले प्रयोग गर्ने व्यक्तिगत सुरक्षा सामग्री पीपीइ प्रदान गरेको छ । पोखरा महानगरपालिकाले रूपा, मादी, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकालाई १० थान पीपीइ वैशाख २ गते प्रदान गरेको हो । महानगरको कोरोना सम्बन्धी कोषमा अहिलेसम्म ३ करोड ७८ लाख ३५ हजार ३ सय ९१ रुपियाँ जम्मा भएको छ ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार मानव अधिकारीको अवस्थालाई ध्यानमा राखेर गोरखा जिल्लाका आम सर्वसाधारण नागरिक सुरक्षा र सरकारी निकायलाई जटिल परिस्थिति सम्बन्धी सुझाव दिन जिल्ला स्तरीय मानव अधिकार अनुगमन समिति बनेको छ । पत्रकार महासङ्घका अध्यक्ष किशोर जंग थापा संयोजक रहेको समितिमा गैरसरकारी संस्था महासङ्घ, नेपाल वार एसोसियेशन, इन्सेक गोरखा जिल्ला प्रतिनिधि लगायतका सदस्य रहेका छन् । कोरोना भाइरस रोकथाम न्यूनीकरण र सचेतनाका लागि सरोकारवाला निकायलाई समितिले सहयोग गर्नेछ ।

शहिद लखन गाउँपालिकाले सहयोगीबाट खाद्यान्न सहयोग नलिने निर्णय गरेको छ । कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको सन्दर्भमा प्राप्त हुने आर्थिक र स्वास्थ्य सुरक्षा सामग्री भने स्वीकार गर्ने गाउ कार्यपालिका बैठकबाट निर्णय भएको गाउँपालिकाका अध्यक्ष रमेश थापा मगरले बताउनुभयो । गाउँपालिका भरी झण्डै चार सय विपन्न, मजदुर तथा असहाय परिवारलाई राहत वितरण प्रक्रिया सुरू

गरिएको उहाँले बताउनुभयो । साथै स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक र क्वारेण्टाइन स्थलमा खटिएका कर्मचारीलाई प्रोत्साहन रकमको व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**काअनुसार जिल्लामा बैशाख २ गते ४० जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट गरिएको जिल्ला जनस्वास्थ्य कार्यालय नवलपरासी ( बर्दघाट सुस्ता पूर्व) का प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो । यसअघि जिल्लामा एक सय ४० जनाका र्‍यापीड डाइगनोष्टिक टेष्ट भएको र सबैको रिपोर्टमा कोरोना नेगेटिभ देखिएको उहाँले बताउनुभयो । उहाँको अनुसार भरतपुर कोरोना उपचार अस्पतालमा विदेशबाट आएका दुई जना सहित कावासोति नगरपालिकाका तीन जनाको स्वाब परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । योसँगै जिल्लामा २४ जनाको स्वाब परीक्षण भएको र सबैको रिपोर्ट नेगेटिभ आएको उहाँले जानकारी दिनुभयो । हाल जिल्लाको विभिन्न स्थानमा रहेको क्वारेण्टाइन होममा २६ जना रहेका छन् ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार जिल्लामा हालसम्म ६८ जनाको स्वाब परीक्षण गरिएको छ र सबैको रिपोर्ट नेगेटिभ आएको पर्वत अस्पतालका प्रमुख डा शिशिर देवकोटाले बताउनुभयो ।

यसअघि बागलुङकी एक महिलामा र्‍यापीड डाइगनोष्टिक टेष्ट गर्दा कोरोना सङ्क्रमण पोजेटिभ देखिएपछि उनीसंगै तीर्थयात्राबाट फर्किएका पर्वतका दुई बृद्धाको पनि स्वाब सङ्कलन गरिएको थियो । कुश्मा नगरपालिकाका ती बृद्ध दम्पत्तिको रिपोर्ट नेगेटिभ देखिएको डा. देवकोटा बताउनुभयो ।

परीक्षण गरिएका ६८ जना मध्ये एक जना बागलुङकी सङ्क्रमित युवतीसँगै कतारबाट आएका युवा थिए । बाँकी ६७ जना पर्वतकै वासिन्दा रहेका छन् । उनीहरूपनि सबै विदेशबाट पर्वत आएका हुन ।

विदेशबाट फर्किएका २ सय ४३ जनाको परीक्षण रिपोर्ट नेगेटिभ देखिएको डा. देवकोटाले जानकारी दिएका छन । जिल्लामा चैत्र महिना पछि विदेशबाट फर्किएका सवैको परिक्षण कार्य सकिएको स्वास्थ्य कार्यालय पर्वतले जनाएको छ ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँमा बैशाख २ गते सम्म ३ सय ५८ जनाको कोरोना परीक्षण गरिएको छ । विदेशबाट आउने व्यक्तिको र्‍यापीड डाइगनोष्टिक टेष्ट  किटबाट १० ओटै स्थानीयतहमा कोरोनाको नमूना परीक्षण थालिएको हो । तनहुँमा ७ सय २० जना विदेशबाट आएको थिए । उनीहरू मध्ये वैशाख २ गते साँझसम्म ३ सय ५८ जनाको परीक्षण भइसकेको र सबैको रिर्पोट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख शंकरबाबु अधिकारीले बताउनुभयो ।

प्रारम्भिक परीक्षणमा कसैको पोजेटिभ रिर्पोट आएमा पिसिआर परीक्षणकोलागि सम्बन्धित निकायमा पठाइने प्रमुख अधिकारीले बताउनुभयो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार म्याग्दी जिल्लाको पाँच वटा स्थानीयतहमा ८० जनामा गरिएको र्‍यापीड टेष्टको नतिजा नेगेटिभ आएको छ ।  कोरोना भाइरसको जोखिमलाई ध्यानमा राखेर थालिएको टेष्टमा अहिलेसम्म बेनी नगरपालिकामा ३५, धौलागिरी गाउँपालिका ७, मालिका गाउँपालिका १२ र मङगला गाउँपालिकामा २६ र अन्नपूर्ण गाउँपालिकामा १० गरी ९० जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको बेनी अस्पतालका ल्याब टेक्निसियन ध्रुब गिरीले बताउनुभयो । गिरीका अनुसार बेनी नगरपालिकामा  वैशाख १ गते गरिएको दुई जनाको परीक्षण गरिएको रिपोर्ट नेगेटिभ आएको छ । बैशाख १ गते मङ्गला गाउँपालिकामा २६ जनाको टेष्ट गरिएको छ । अब जिल्लाको रघुगङ्गा गाउँपालिकामा मात्र टेष्ट गर्न बाँकी रहेको छ ।

अहिले सम्म म्याग्दी जिल्लामा बेनी नगरपालिकामा १ हजार १ सय ७० परिवार, मङगला गाउँपालिकामा ६ सय १८, मालिकामा ८ सय ८८, धौलागिरीमा १ सय, रघुगङगा गाउँपालिकामा ३ सय २६ परिवारले राहत प्राप्त गरेको प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकालले बताउनुभयो ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार आज जिल्लामा २९ जनाको न्यापीड डाइगनोष्टिक टेष्टबाट परीक्षण गरिएको छ । कोरोना भाइरसको विश्वव्यापी बढ्दो सङ्क्रमणको न्यूनिकरण र रोकथामको लागि सरकारले गरेको लकडाउनको प्रभावकारी नभएको भन्दै सरोकारहरूले जिल्ला प्रशासनमा ध्यानाकर्षण गराएको उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजेश थापाले बताउनुभयो । जिल्ला प्रशासन र स्थानीय सरकारले अनावश्यक ढङ्गमा सवारीसाधनको पासको अनुमति दिएको भनि सोको प्रभावकारी अनुगमनको लागि जिल्ला प्रशासनमा ध्यानाकर्षण गरिएको थापाको भनाइ छ । एम्बुलेन्सले बिरामी भन्दा मान्छे बोक्ने, हाइड्रोपावरले यस्तो सङ्क्रमणको समयमा सामनको ढुवानी गर्ने जस्ता कार्यले जिल्ला सङक्रमणको जोखिममा रहेको सरोकारवालाहरूको भनाइ छ । यस्ता कार्यलाई तत्काल नियन्त्रण गर्नको लागि जिल्ला प्रशासनलाई अनुरोध गरिएको रेडियो मर्स्याङ्दीको निर्देशक मिना गुरुङले बताउनुभयो । प्रमुख जिल्ला अधिकारीले जिल्ला समन्वय समितिका संयोजकसँग समन्वय गरि सबै स्थानीयतहहरूलाई अनुगमन तीब्र बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । ध्यानाकर्षण गर्नको लागि जिल्ला स्थित पत्रकार, व्यवसायी, राजनैतिककर्मी र अधिकारकर्मीहरूको उपस्थिति थियो ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**